“प्लाष्टिकजन्य प्रदूषण निर्मूल पारौं: वातावरणमैत्री विकल्पको उपयोग गरौं”

## विश्व वातावरण दिवस, जुन ५, २०२३

## प्रेस विज्ञप्ति

विश्व वातावरण दिवसको अवसरमा चेतनामूलक र्‍याली तथा विविध कार्यक्रमको आयोजना

(ललितपुर, २२ जेठ २०८०) - नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको नेतृत्व तथा राष्ट्रिय प्रकृति संरक्षण कोष सदर चिडियाखानाको आयोजनामा यस वर्षको विश्व वातावरण दिवस संरक्षण जनचेतनामा आधारित विभिन्न कार्यक्रमहरु आयोजना गरी मनाइयो । “प्लाष्टिकजन्य प्रदूषण निर्मूल पारौं: वातावरणमैत्री विकल्पको उपयोग गरौं” भन्ने मुल नाराका साथ मनाईएको यस दिवसले विश्वव्यापी रुपमा प्लाष्टिकको प्रयोगले बढ्दै गएको प्रदुषणलाई केही हदसम्म भएपनि कम गरी वातावरण संरक्षणमा प्रत्यक्ष टेवा पुर्‍याउने विश्वास गरिएको छ ।

माननीय वन तथा वातावरण मन्त्री डा. विरेन्द्र प्रसाद महतोज्यूको प्रमूख आतिथ्यमा वृक्षमा जल सिन्चन गरी समुद्घाटन गरिएको यो महत्वपूर्ण कार्यक्रम राष्ट्रिय प्रकृति संरक्षण कोषका अध्यक्ष डा. कृष्ण प्रसाद ओलीज्यूको अध्यक्षतामा सम्पन्न भयो । यो कार्यक्रममा विशेष अतिथि वन तथा वातावरण मन्त्रालयका सचिव डा. रेवती रमण पौडेलज्यू र ललितपुर महानगरपालिकाका उप-प्रमुख मन्जली शाक्य बज्राचार्य रहनु भएको थियो । राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव श्रीमान् शरदचन्द्र अधिकारीज्यूले सबैलाई स्वागत गर्नु भएको थियो । कार्यक्रम समारोहमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. महेश्वर ढकालज्यू, वन तथा भू-संरक्षण विभागका महानिर्देशक श्रीमान् देवेशमणि त्रिपाठीज्यू, ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्रीमान् रुद्रप्रसाद पण्डितज्यू र राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास कार्यक्रम बोर्डका सदस्य कमला ओलीज्यूको गरिमामय उपस्थिति रहेको थियो । यसै गरी महानगरीय प्रहरी परिसर ललितपुरका प्रमुखज्यू तथा अन्य सुरक्षा निकायका प्रमूखज्यूहरु, वन तथा भू-संरक्षण मन्त्रालयका उच्च पदाधिकारीज्यूहरु, वन मन्त्रालय अन्तर्गतका विभिन्न महाशाखाका प्रमुखज्यूहरु, विभिन्न विभागका उपमहानिर्देशकज्यूहरु, ललितपुर जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीज्यू तथा विभिन्न कार्यालयका प्रमुखज्यूहरु, राष्ट्रिय प्रकृति संरक्षण कोषका बोर्ड सदस्यज्यूहरु, ललितपुर महानगर पालिका वडा नं ४ का अध्यक्षज्यू तथा पूर्व अध्यक्षज्यू, बिभिन्न संघसंस्थाका प्रतिनिधीज्यूहरु, पत्रकारज्यूहरु, राष्ट्रिय प्रकृति संरक्षण कोषका पूर्व समेतका कर्मचारीज्यूहरु, FOZ Teacher Committee का पदाधिकारीज्यूहरु तथा सल्लाहकारज्यूहरु, FOZ सदस्य विद्यालयका शिक्षक, शिक्षिका, विद्यार्थी लगायत सर्वसाधारणहरुको महत्वपूर्ण उपस्थिति रहेको थियो ।

जावलाखेल मैदानबाट सिंगारिएको हात्ती सहितको वातावरण र्‍यालीमा काठमाण्डौं, ललितपुर र भक्तपुरका ३० वटा विद्यालयका १,३०० बढी FOZ विद्यार्थीहरु उपस्थित भई ललितपुर नगर परिक्रमा गरी सोही स्थानमा आएर औपचारीक कार्यक्रम समारोहको आयोजना गरी वातावरण दिवस भव्यरुपमा मनाउने कार्य गरियो । कार्यक्रममा वातावरण दिवसको अवसरमा आयोजित वातावरणीय गीत प्रतियोगिता, चित्रकला प्रतियोगिता लगायत विभिन्न कार्यक्रमका विजयी विद्यालय तथा विद्यार्थीहरुलाई माननीय मन्त्रीज्यू र श्रीमानु सचिवज्यूबाट पुरस्कार बितरण गरियो । १९ विद्यालयहरुले भाग लिएको वातावरणीय गीत प्रतियोगितामा एभरेष्ट इङ्गिलिश स्कूल प्रथम, भानुभक्त मेमोरियल स्कूल द्धितीय, कृयटिभ एकेडेमी तृतीय तथा सुसस्कार एकेडेमी र सूर्योदय बोर्डिङ स्कूलले सान्त्वना स्थान प्राप्त गरेका थियो । त्यसैगरी विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालय बेष्ट सङ्ग एवार्डबाट सम्मानित भएको थियो । बिगत वर्षहरुमा जस्तै यसवर्ष पनि निरन्तररुपमा विश्व वातावरण दिवसको अवसरमा संरक्षण चेतना सम्बन्धी बिभिन्न कार्यक्रमहरु संचालन गरी मनाउने कार्य सम्पन्न गरियो । विशेषगरी बालबालिका र युवा पुस्तामा संरक्षण चेतनाको सन्देश पुर्‍याउनको लागि हरेक वर्ष यो दिवसमा उनीहरुको उल्लेख्य सहभागितालाई बिशेष ध्यान दिने गरिएको छ ।

धन्यवाद ।